

World Vision

# कृषि तथा आर्थिक विकास कार्यक्रम



## परिकल्पना

अभिभावकहरूले अहिले र भविष्यमा पनि आफ्ना बालबालिकाहरूका आवश्यकताहरू सहजै पूरा गर्न सक्नेछन्



## लक्ष्य

परिवारहरूले आफ्ना बालबालिकाहरूका आवश्यकता पूरा गर्न तथा आर्थिक समस्याको समाधान गर्न सक्नेछन्



## उपलब्धिहरू

- परिवारहरूको आयमा वृद्धि हुनेछ
- निर्वाहमुखी खेती अर्ध-व्यावसायिक खेतीमा रूपान्तरण हुनेछ
- साना व्यवसायको आर्थिक व्यवस्थापनमा सुधार हुनेछ
- परिवारहरूको बचतमा वृद्धि हुनेछ तथा आर्थिक व्यवस्थापनमा सुधार आउनेछ

## हामीले के हासिल गर्नेछौं ?

**१४,०००**
परिवारहरूको आय ५०% ले वृद्धि हुनेछ

**७००**
क्रियाशील उत्पादक समूहहरू गठन हुनेछन्

**१४,०००**
उत्पादकहरूले उत्पादनमा दोब्बर वृद्धि गर्नेछन्

**७,०००**
परिवारहरूले नियमित बचत गर्नेछन्

**२८,०००**
बालबालिकाहरूले खाना, शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच पाउनेछन्

**७०,०००**
मानिसहरूका लागि खाद्य सुरक्षाको सुनिश्चितता हुनेछ

दिगो विकास लक्ष्यहरू

१ गरिबीको अन्त्य

२ शून्य भोकमरी

# हामीले यो कसरी हासिल गर्छौं ?



आर्थिक व्यवस्थापनका सीपहरू प्रवर्द्धन गरी व्यवसायको उचित व्यवस्थापन तथा बचत समूहहरू गठन गरी पारिवारिक सम्पत्तिमा वृद्धि गरेर



सामूहिक कार्य र बजार तथा सेवा प्रदायकसँगको सम्बन्धलाई सहजीकरण गरी उत्पादित वस्तुको बिक्रीको मात्रा र मूल्य बढाएर



बजार-निर्देशित उत्पादन विधिमा सुधार गरी उत्पादन र गुणस्तर दुवैमा वृद्धि गरेर

## हाम्रा विधिहरू

### स्थानिय मूल्य श्रृंखला विकास

उत्पादक र बजारकर्ताहरु बिच सम्बन्ध निर्माण गर्ने

**मुख्य क्रियाकलापहरू**

- सहभागितामूलक मूल्य श्रृंखला विश्लेषण
- उत्पादक समूहहरू गठन गर्ने र क्रियाशील बनाउने
- उत्पादन र तिनको गुणस्तरका लागि उत्पादक समूहहरूको क्षमता विकास गर्ने
- बजार साक्षरता प्रवर्द्धन गर्ने
- उत्पादकहरूको क्रेता, आपूर्तिकर्ता र सेवा प्रदायकसँग सम्बन्ध विस्तार गर्ने

### बचत समूहहरू

घरपरिवारको बचत वृद्धि गर्ने र वित्तीय संस्थाहरूमा पहुँच बढाउने

**मुख्य क्रियाकलापहरू**

- पारिवारिक आय-व्ययको उचित सन्तुलनका लागि परिवारहरूको क्षमता विकास गर्ने
- उत्पादक समूहहरूलाई बचत गर्ने बानीको विकास गराउने र त्यसलाई दिगो राख्न सक्ने बनाउने
- स्थानीय समुदायमा आधारित बचत तथा ऋण समूहहरू गठन गरी क्रियाशील बनाउने
- वित्तीय संस्थाहरूसँग बचत समूहहरूको सम्बन्ध बढाउन सहयोग गर्ने




## कार्य क्षेत्र

१. कैलाली  २. जुम्ला  ३. काठमाडौं
४. सिन्धुली  ५. उदयपुर

info_nepal@wvi.org  www.wvi.org/nepal  @wvinpl  @wvinepal  @WVNepal